परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३१८ पष्ठ ४ २०८२ भदौ १६ गते, सोमबार 1 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## डिजिटल बोर्डसँगै बर्दिवासको पढाइमा नयाँ मोड




● टक नेपाल

बर्दिवास-९ पशुपतीनगरस्थित श्री पशुपतिनाथ माध्यमिक विद्यालय बनरभुल्लामा पहिलोपटक डिजिटल बोर्ड जडानसँगै शिक्षामा नयाँ अध्याय सुरु भएको छ।

उद्घाटन कार्यक्रममा प्रधानाध्यापक बिरेन्द्र कुमार सिंहले भने, "अब पढाइ ब्ल्याकबोर्डमा सीमित रहने छैन, प्रविधिसँग जोडिनेछ।"

डिजिटल बोर्ड उद्घाटनका अवसरमा बर्दिवास नगरप्रमुख प्रह्लाद कुमार क्षेत्री कक्षा १० र ११ मा पुगेर विद्यार्थीहरूसँग प्रत्यक्ष संवादमा उत्रिए।

"गुणस्तरीय शिक्षा तपाईंहरूको अधिकार हो। कमजोरी देखिए सिधै मलाई फोन गरेर भन्न सक्नुहुन्छ," भन्दै उनले आफ्नै मोबाइल नम्बर (९८४४०३५२४८) समेत सार्वजनिक गरे।

प्रधानाध्यापक सिंहका अनुसार अब गणित, विज्ञानजस्ता विषयलाई भिडियो, चित्र र चार्टमार्फत दृश्यात्मक रूपमा पढाइनेछ।

विद्यार्थीहरूले पनि उत्साह प्रकट गर्दै भने, "पहिले पढाइ सुनाइमै सीमित थियो, अब बुझ्न सजिलो हुनेछ।"

कार्यक्रममा नगरप्रमुख क्षेत्रीले स्वास्थ्य र पूर्वाधारसँगै शिक्षामा विशेष जोड दिइएको उल्लेख गर्दै भने, "डिजिटल प्रविधि र प्राविधिक शिक्षणमार्फत नयाँ पुस्ता प्रतिस्पर्धी बन्नेछ।"

उप-प्रमुख तारादेवी महतो, कांग्रेसका नगरसभापति युबराज पोखरेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनिल कुमार महतो लगायतको उपस्थिति थियो।

डिजिटल बोर्ड स्थापनाले मात्र शिक्षा सुधार नहुने बताउँदै विद्यालय व्यवस्थापन समितिले तालिम प्राप्त शिक्षक, स्थिर बिजुली र इन्टरनेट पूर्वाधार क्रमशः विकास गर्ने यो जना प्रस्तुत गऱ्यो।

### औरहीका सबै वडामा सहिद

## यादवलाई मैनबत्ती बालेर श्रद्धाञ्जली



● मिथलेश महतो

जनमत पार्टीले मधेस प्रदेशभर 'स्वराज आन्दोलनका प्रथम वीर सहिद' राम मनोहर यादवको आठौँ स्मृति दिवस विभिन्न कार्यक्रममार्फत मनाएको छ।

औरही नगरपालिकामा नगर संयोजक देवेन्द्र साहको नेतृत्वमा प्रत्येक वडामा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको थियो। वडा संयोजकहरूको पहलमा सहिद यादवको फोटोमा फूल, अबिर चढाएर र मैनबत्ती बालेर श्रद्धाञ्जली अर्पण गरिएको नगर संयोजक साहले जानकारी दिए।

प्रत्येक वडामा स्थानीय कार्यकर्ता तथा शुभेच्छुकहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो।

यस क्रममा सहिद यादवको योगदानलाई स्मरण गर्दै जनमत पार्टीका कार्यकर्ताले स्वराज आन्दोलनको बाटोमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे।

पार्टीका अनुसार आफ्ना शहीदहरूको सम्मान र स्मरणलाई निरन्तरता दिँदै सहिदको सपना पूरा गर्ने लक्ष्यसहित संगठनले जनताको हकहितका लागि आन्दोलनलाई अझ सबल बनाउने अठोट लिएको छ।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### समय, स्रष्टा र रचना

'मिक्स्ड मार्सल आर्ट' (एमएमए) विधाको 'म्याट्रिक्स फाइट नाइट' (एमएफएन) प्रतिस्पर्धाको ब्यान्टम वेट श्रेणीमा च्याम्पियन भएका खेलाडी रवीन्द्र ढाँटलाई जब सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालयमा निमन्त्रणा गरी बधाई दिँदै सम्मान गर्नुभयो; चिया बिस्कुट खुवाएर बिदाइ गर्नुभयो; तब सामाजिक सञ्जाल लगायत नेपाली मिडियामा उक्त कार्यको प्रशंसा भन्दा नकारात्मक टिप्पणी बढी भयो ।

यस पंक्तिकारले सञ्जालमा पोस्ट गरिएको कुनै एक नकारात्मक स्त्र्याटसमा 'राष्ट्रपतिले बोलाएर बधाई दिनु र सम्मान गर्नु पनि कुनै पुरस्कारभन्दा कम होइन, सकारात्मक बनौं' भनेर टिप्पणी गरेको थियो। त्यसमा सबैभन्दा पहिलो कमेन्ट नै 'झोले' भन्ने थियो। यद्यपि धेरैले नकारात्मक कमेन्ट गर्नुका साथै केहीले मेरो टिप्पणीलाई सकारात्मकताका साथ लाइक पनि गरे, तर उक्त झोले भन्ने कमेन्टले मेरो मानसपटलमा एक प्रकारको हलचल नै मच्चायो, मेरो अस्तित्व र विवेकले उक्त झोले शब्द पचाउन सकेन र यो लेख लेख्न बाध्य भएँ।

सम्माननीय प्रधानमन्त्री केपी वलीले आफू जनताको झोले भएको र जनताको कल्याणका लागि जनताको झोला बोकिरहने भन्ने भावसहितको घोषणा गरेका थिए। त्यसपश्चात् नेकपा एमालेले 'झोले अभियान' नै चलाएको थियो, यद्यपि उक्त अभियानले समाजमा सो चेजस्तो सकारात्मकता पैदा गरेन । मेरो राजनीतिक चेतनाले मूलधारका कुनै राजनीतिक पार्टीलाई समर्थन गर्न सक्ला तर हाल म कुनै पनि राजनीतिक पार्टीसँग आबद्ध छैन ।

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा नेपाली बृहत् शब्दकोश अनुसार झोले भनेको अर्काको झोला बोक्ने, झोल भएको, रसदार र झोला भिरेर हिंड्ने भनेर अर्थ्याइएको छ। झोले भनेको सम्पत्तिका नाममा झोला मात्र भएको मान्छे हो वा झोला बोक्ने मान्छे हो, चोट्टाको सट्टा झोल मन पराउने मान्छे वा लागु पदार्थको नसामा झुलिरहेका मान्छे हो ?वा, के हो त झोले ?

# बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि..

काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही,
काठमाडौं, नेपाल

**होटल रामिणी निर्माण र संचालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/ १६ )

मधेश प्रदेश महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका अन्तर्गत पर्ने बर्दिबास नगरपालिका वार्ड नं: १ मा **"होटल रामिणी निर्माण र संचालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)"** गर्न बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि., काठमाडौंद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बिजनेश ईन्भेस्टमेन्ट ग्रुप प्रा. लि..<br>ठेगानाः काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही, काठमाडौं जिल्ला, बागमती, नेपाल ।<br>**फोन नम्बर**: ९८६३६६६७७० **ईमेल**: businessinvestmentgrp@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रतावित होटेलको कुल जमिनको क्षेत्रफल ५८४५.५० वर्ग मिटर [(११-०७-०३-१.५) in Ropani] बर्दिबास नगरपालिका वडा नं : १ साविक २५ नं. बहादुरगंज वडा नं. १ ख कित्ता नं. २४८, ७१५, ४७५, २५२१, २५२२, २५२३, २६९७, ७१४ भवनले ओगटेको जग्गाको कुल क्षेत्रफ़ल — १९७३.२५ वर्ग मिटर (Block A – ९७२.३१, Block B – ४७३.४, Sport Block – ३४२.५४, Service – १८५) ५८४५.५० वर्ग मिटर (६२,४३०.८४ sqft).<br>भवनले ओगटेको जग्गाको कुल क्षेत्रफ़ल १४४५.७१ (प्रसासनिक भवन, स्विमिङ पुल, जीम, सौचालय, changing Shops and Service आदि) |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | बर्दिबास नगरपालिका वार्ड नं. १, दहाल होटल अगाडी पिपल चौतारामा , महोत्तरी जिल्ला, मधेश प्रदेश |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाकोहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| **स्थान** | बर्दिबास नगरपालिका वार्ड नं. १, दहाल होटल अगाडी पिपल चौतारामा , महोत्तरी जिल्ला, मधेश प्रदेश |
| **मितिः** | २०८२/०५/२३ सोमबार |
| **समयः** | दिनको १.०० बजे |

## प्रहरी र स्थानीय बीच झडप, ..........................................................................

घाइते सातै जना प्रहरीको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

घटना जनकपुरधाम उपमहानगरपालिका - २० देवपुरा रुपैठास्थित झण्डाचोकमा भएको हो। त्यहाँ टावरलाइट जडान भएको पोलमा राखिएको हरियो झण्डा हटाउने क्रममा दुई समुदायबीच विवाद भई झडप भएको थियो। सो क्रममाप्रहरीले ३० राउन्ड हवाई फायर र ३१ सेल अश्रुग्यास प्रहार गरेको खुलेको छ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले ३० राउन्ड फायर गरेको धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए।

उनका अनुसार १४ डमी गोली, ११ राउन्ड गोली पेस्तोलबाट हवाई फायर गरिएको हो। ३१ सेल अश्रुग्यास प्रहार भएको उनले बताए।

डिएसपी सिंहका अनुसार अवस्था हिजैदेखि तनावपूर्ण बनेको हो। आज दुवै पक्षका भलादमी र प्रहरी प्रशासनबीच छलफल गरी सो पोलमा दुवै समुदायका झण्डा हटाउने सहमति भएको थियो। तर सहमति कार्यान्वयनका क्रममा पुनः झडप चर्किएपछि प्रहरीले गोली र अश्रुग्यास प्रयोग गरेको थियो।









# महोत्तरीमा मखान खेती : सांस्कृतिक पहिचान जगेर्ना गर्दै किसानलाई आर्थिक समृद्धितिर लम्काउँदै

● टक नेपाल



मिथिलामा मखानको धेरै महत्त्व छ। मिथिला संस्कृतिमा जन्मदेखि मृत्युसम्म मखानको प्रयोग हुन्छ। परिणामस्वरुप मखानको माग बढ्दो छ भने नेपालमा यसको व्यावसायिक खेती निकै कम हुँदा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था छ।

मिथिलामा मखानको बढ्दो मागका कारण पछिल्लो समय महोत्तरी जिल्लाको मठिहानीमा यसको व्यावसायिक खेती हुँदै आएको छ। मखान खेती महोत्तरी जिल्लाको विशेष र पहिचानयोग्य कृषि गतिविधि हो।

महोत्तरी जिल्लाको मठिहानी नगरपालिका र अन्य स्थानहरूमा मखान खेती हुने गरेको छ। यसको व्यावसायिक खेतीले कृषकहरूको जीवनस्तरमा समेत ठुलो परिवर्तन ल्याएको छ।

मखान खेतीका लागि महोत्तरी निकै चर्चित छ। यस क्षेत्रका सहनी, मलाह समुदायका मानिस मखान खेतीमा संलग्न छन्। यो परम्परागत खेती प्रायः स्थानीय नदी, तलाउ र पोखरीहरूमा गरिन्छ, जहाँ मखानको फूल र बिउ उत्पादन हुने गर्छ।

मखान एउटा जलजन्य खेती हो, जसलाई अन्नको रूपमा प्रयोग गर्न सकिन्छ। यसको खेती विशेष प्रकारका पानीका स्रोतमा गरिन्छ र यसका लागि विशेष मौसम र हावापानी आवश्यक हुन्छ। महोत्तरीका कतिपय किसानले पुस्तौँदेखिको परम्परालाई निरन्तरता दिँदै मखान खेती गर्दै आएका छन्।

महोत्तरी जिल्लाका विभिन्न पालिकामा मखान खेती हुँदै आएको छ। खासगरी बलबा नगरपालिका, भंगहा नगरपालिका, लोहारपट्टी नगरपालिका, मठिहानी नगरपालिका र जलेश्वर नगरपालिकामा यसको खेती बढी हुने गर्छ। यहाँका किसानले मखान खेतीलाई मुख्य पेसाका रूपमा अँगालेका छन् र यसलाई आर्थिक समृद्धिको स्रोत बनाएका छन्।

मखान खेती गर्दै आएका किसान दिनेश सहनीका अनुसार मखान उत्पादनमा धेरै लगानी आवश्यक पर्दैन। यद्यपि मेहनत र समय भने निकै लाग्ने उनको भनाइ छ।

किसानहरूले चैत महिनामा मखानको बिउ रोप्छन् भने भदौदेखि कार्तिकसम्म छानेर सङ्कलन गर्छन्। बाँकी ६ महिनामा भने त्यही पोखरीमा माछा पालन गर्ने भएकाले वर्षभर नै जलमार्फत आम्दानी हुने गरेको छ। यही कारण हाल मखान खेतीप्रति किसानहरूको आकर्षण दिन प्रतिदिन बढ्दो छ।

'मिथिला मखाना' नामक संस्थाले महोत्तरीको भंगहा नगरपालिकामा हाल ६० बिघा क्षेत्रफलमा मखान खेती गरिरहेको छ। संस्थाका सञ्चालक महेश सहनीका अनुसार २०७२ सालदेखि खेती सुरु गरिएको हो। प्रारम्भमा १० बिघामा सुरु गरिएको खेती अहिले विस्तार भएर ६० बिघा क्षेत्रफलमा पुगेको छ।

सहनीका अनुसार हालसम्म करिब ८० लाख रुपैयाँ लगानी भइसकेको छ भने वार्षिक रूपमा राम्रो आम्दानी भइरहेको छ। यस पेसाप्रति आफू निकै सन्तुष्ट रहेको उनले बताए। सहनीले थपे, 'यो पेसा पुस्तौँदेखि हुँदै आएको हो, त्यसैले यो खेती गर्न मलाई निकै सहज लाग्छ।'

उनले पछिल्लो वर्ष ८० टन उत्पादन भएको जानकारी दिए। यस वर्ष १२० टन उत्पादन हुने उनको अनुमान छ। व्यापारीसँग १ हजार ३ सय देखि १ हजार ४ सय रुपैयाँ प्रतिकिलोमा किसानले बेच्ने गरे पनि बजारमा पुग्दा दुई हजार रुपैयाँ प्रतिकिलोमा बिक्री हुने गरेको उनको भनाइ छ।

मखानको उत्पादनपछि कृषकहरू त्यसलाई थोकमा बेच्न स्थानीय बजार र व्यापारिक क्षेत्रहरूमा पुग्ने प्रयास गर्दछन्। मिथिला क्षेत्रको संस्कृतिमा मखानको गहिरो सम्बन्ध रहेकाले स्थानीय बजारमै यो खपत हुन्छ।

पण्डित डा.गोविन्द चौधरीका अनुसार मिथिलामा पान मखान र माछाको धेरै महत्त्व छ। 'पूजामा मखान नभए प्रसादलाई अधुरो मानिन्छ,' उनले भने, 'मखानविना श्राद्ध पनि अधुरो हुन्छ।'

पान मखान दुर्लभ रहेको उनको भनाइ छ। यसरी मखानको सांस्कृतिक महत्त्वले यसको व्यापारलाई थप प्रोत्साहन दिएको उनले बताए।

किसान सरोज सहनीले भने, 'मखानको थोक बजारमा मूल्य १४०० रूपैयाँसम्म पुग्छ, काचो मखानलाई ३५० रुपैयाँको दरले किनेर त्यसलाई भुटेर मखान तयार बनाइन्छ। ३ किलो काचो मखानबाट १ किलो मखानको फूल तयार हुन्छ।'

मठिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले मखान खेती मठिहानीको ऐतिहासिक विशेषता भएको बताए। मखान खेती प्रवर्द्धनका लागि आफूले प्रधानमन्त्री केपी ओलीलाई मखान उपहारसमेत प्रदान गर्दै यसको व्यावसायिक उत्पादन र बजार विस्तारमा सहयोग पुऱ्याउन आग्रह गरेको उनले जानकारी दिए।

प्रदेशका मुख्यमन्त्रीलाई पनि मखान खेती प्रवर्द्धन गर्न अनुरोध गरेको नगरप्रमुख मण्डलले बताए। उनका अनुसार मखान खेतीलाई प्रोत्साहन गर्न किसानलाई ब्याण्डिङ मेसिन, बोरा (थैला), भुट्ने सामग्री, तालिम तथा अनुदानको व्यवस्था नगरपालिकाले गरेको छ।

विशेष गरी मखान खेती गर्दै आएका मठिहानी नगरपालिका-७ पूवार्री टोलका सहनी र मुस्लिम समुदायका किसानलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन भइरहेको उनले उल्लेख गरे। सोही वडामा व्यक्तिगत रूपमा मखान खेती गर्दै आएका किसान संजय सहनीले गुठीबाट वार्षिक ९ लाख रुपैयाँ भाडा तिरेर ६ बिघा जग्गामा खेती गरिरहेका छन्। घाटा भए पनि गुठीले रकममा कुनै छुट नदिएको उनको गुनासो छ। निजी व्यक्तिबाट भाडामा लिएको थप ८ बिघा पोखरी आफूलाई आम्दानीको अतिरिक्त स्रोत बनेको उनको भनाइ छ।

पूर्वारी टोलकी ५० वर्षीया लक्षा खातुन किसानहरूले उत्पादन गरेका काँचो मखान सङ्कलन गरी भुटेर तयार पार्ने काम गर्दै आएकी छन्। उनका अनुसार भदौ, असोज र कात्तिक गरी तीन महिनासम्म यो काम हुने गर्छ, जसमा उनको सम्पूर्ण परिवारले सहयोग गर्ने गर्दछ।

खातुनका अनुसार मखान भुटाइबाट वार्षिक करिब तीन लाख रुपैयाँ आम्दानी हुने गरे पनि तीन महिनामात्र सीमित हुने भएकाले यसले परिवारको वर्षभरिको खर्च धान्न पुग्दैन। त्यसैले बाँकी समयमा आम्दानीका लागि अन्य काम गर्ने गरेको उनले बताइन्।

मखान खेतीले स्थानीय समुदायमा एकता र सहकार्यको भावना पनि बढाएको छ। ठुला पोखरीमा सामूहिकता र आपसमा सहकार्यका साथ खेती गर्नुपर्ने भएकाले यसले एकता र सहकार्यलाई बढावा दिने स्थानीय बताउँछन्।

सामाजिक अभियन्ता डा. सरोज ठाकुरले मखान खेतीको भविष्य महोत्तरी जिल्लामा उज्ज्वल रहेको बताए। उनले भने, 'यसको बजार विस्तार हुँदै गएको छ र यसको उत्पादनमा बढोत्तरीको सम्भावना छ।'

स्थानीय कृषकहरूलाई तालिम र स्रोत उपलब्ध गराउने कार्यक्रम स्थानीय तहबाट भइरहेका कारण, मखान खेतीले किसानको आर्थिक अवस्था सुधार गर्ने देखिन्छ।


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने।

मटिहानि नगपालिका, महोत्ती, मधेश प्रदेश








# मधेसी जनतालाई न्याय भएन : अध्यक्ष यादव



● टक नेपाल

पूर्व उपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेसी जनतालाई राज्यले न्याय गर्न नसकेको टिप्पणी गर्नुभएको छ। बअ

जसपा नेपालले राजविराजमा आइतबार आयोजना गरेको राजविराज नगर समितिको नवनिर्वाचित पदधिकारकी तथा कार्यसमितको शपथ ग्रहण तथा पदस्थापन कार्यक्रममा उहाँले त्यस्तो टिप्पणी गर्नुभयो।

उहाँले मधेसी जनताको विकास, प्रतिनिधित्व र पहिचानका लागि राज्यले उपेक्षा गर्दैआएको बताउनुभयो। उहाँले भन्नुभयो, "मधेस आन्दोलनपछि महिला, गरिब, मुस्लिम, थारू पहाडका आदिवासी जनजातिका लागि कोटा छुट्याए पनि जनसंख्याको आधारमा मधेस र मधेसीले अधिकार पाउन सकेको छैन्।"ब

लोकतन्त्रमा जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्ने भए पनि मधेसीले जनसंख्याको आधारमा कर्मचारी, संसदलगायत कुनै क्षेत्रमा प्रतिनिधित्व गर्न नसकेको बताउनुभयो।

निर्णायक भूमिकामा मधेसीहरू नपुगेसम्म मधेसको चौतर्फी विकास सम्भव नहुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालको विकासको लागि संसारका धेरै देशबाट सहयोग निरन्तर आए पनि हाम्रो देशको विकास हुन सकेको छैन्।"

जसपा सप्तरीको जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा जसपा केन्द्रीय तथा मधेश प्रदेशसभा सदस्य किरण साह, मधेस प्रदेशका पूर्व उपसभामुख उपमा देव, शैलेन्द्र मोहन झा, डा. बबीसिंह यादव, रमिला साह लगायतले धारणा राख्नुभएको थियो।

# प्रहरी र स्थानीय बीच झडप, गोली लागेर एकजना घाइते

● टक नेपाल

जनकपुरधाममा स्थानीय र प्रहरीबीच भएको झडपमा गोली लागेर एक व्यक्ति घाइते भएका छन्।

धनुषाका प्रहरी प्रवक्ता डिएसपी वरुणबहादुर सिंहका अनुसार स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको थियो। सो क्रममा देवपुरा रुपैठाका २९ वर्षीय लक्ष्मण मुखियाको दुवै घुँडामा गोली लागेको छ। उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ।

झडपमा सात जना प्रहरी र केही सर्वसाधारण पनि घाइते भएका छन्।

बाकी पष्ठ २......

## रौतहटमा मोबाइल चोरी आरोपमा

# युवकमाथि निर्घात कुटपिट, उपचार क्रममा मृत्यु

● टक नेपाल



रौतहटको कटहरिया नगरपालिका-४ बहादुरपुरमा मोबाइल चोरी गरेको झुठो आरोपमा निर्मम कुटपिटमा परेका एक दलित युवकको उपचारका क्रममा मृत्यु भएको छ। कुटपिटमा संलग्न चार जनामाथि कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको छ।

३० बवर्षीय नसिब बैठालाई गत साउन १६ गते बेलुकी गाउँकै पसलमा बसिरहेका वेला स्थानीय संजय यादव, विजय यादव, गर्भु गोसाइँलगायतको समूहले मोबाइल चोरीको आरोप लगाउँदै कुटपिट गरेका थिए। आरोप अस्वीकार गरेपछि उनलाई घरसम्म पठाइए पनि भोलिपल्ट सोही समूहले घरमै पुगेर आँखामा पट्टी बाँध्दै करिब ३०० मिटर टाढा लगेर रूखमा उल्टो बाँधेर साइकलको चेन, बेल्ट, हात र मुक्काले निर्मम तरिकाले कुटपिट गरेको पीडित परिवारको भनाइ छ।

लगातारको कुटपिटपछि अवस्था गम्भीर बनेका बैठालाई इलाका प्रहरी कार्यालय कटहरियामा ल्याएर पञ्चायती गर्दा निदोष ठहर भए पनि स्वास्थ्य झन बिग्रँदै गएपछि उनलाई वीरगञ्जस्थित स्पर्श मल्टिस्पेसालिटी हस्पिटलमा भर्ना गरिएको थियो। करिब २० दिन उपचारपछि भदौ ११ गते उनको मृत्यु भएको परिवारले जनाएको छ।

मृतककी आमा सुनैना देवी बैठाले भदौ ११ गते इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएकी थिइन्। जाहेरीका आधारमा गर्भु सरभङसहित चार जनामाथि कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले बताएका छन्।

संलग्नमध्ये गर्भुदयाल सरभङलाई पक्राउ परेको छ भने अन्य फरार आरोपीको खोजतलास भइरहेको डीएसपी कार्कीले जनाएका छन्। घटनामा संलग्न अन्यको खोजी तथा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

पीडित परिवारका अनुसार मृतकलाई झुठा आरोपमा कुटपिट गरी हत्या गरिएको र अहिलेसम्म सबै संलग्नमाथि कारबाही नगरे

# विवाहको दुई महिनामै दीपाको शङ्कास्पद मृत्यु, पति-ससुरा नियन्त्रणमा

● टक नेपाल

सप्तरीमा एक महिलाको शंकास्पद मृत्यु भएपछि हत्याको आशंकमा प्रहरीले पति र ससुरालाई नियन्त्रणमा लिएको छ। दुई महिनाअघि मात्रै विवाह गरेकी डाक्नेश्वरी नगरपालिका माइती र महादेवा गाउँपालिका घर भएकी महिलाको शंकास्पद मृत्यु भएको पाइएको छ।

महादेवा गाउँपालिका वडा नम्बर १ सोनरा टोल बस्ने दीपक यादवकी पत्नी २१ वर्षीय दीपा यादवको शनिबार मृत्यु भएको हो।

बिरामी भएको भन्दै पति दीपक र ससुरा पर्शुरामले शनिबार दीपालाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल ल्याउनु भएको थियो। तर, अस्पताल ल्याउनु लगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

मृतक दीपाको शरीरमा चोटपटक र निलडाम देखिएको जिल्ला प्रहरीले कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिनुभयो।

उहाँले घट्ना शंकास्पद देखिएको भन्दै अनुसन्धान अगाडि बढाइएको बताउनुभयो।

"घाँटीमा निलडाम देखिएको छ, त्यहीं भएर हामीले अनुसन्धान अघि बढाएका छौं" उहाँले भन्नुभयो।

मृतकको शव पोष्टमार्टमका लागि विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ।

घटनाको अनुसन्धानका लागि मृतक दिपाकी पति दीपक र ससुरा पर्शुरामलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिनुभयो।

यो घटनाको विषयलाई लिएर माइती पक्षले दीपाको हत्या गरेको आरोप सहित प्रहरीमा जाहेरी दिएका छन्।

गत ४ असारमा दीपा र दीपकको सामाजिक परम्परा अनुसार बिवाह भएको थियो। तर विवाह पछि थप दाइजो माग्दै दीपक, पर्शुरामसहितकाले दीपालाई दिनहुँजसो यातना दिदैं आएको मृतकका काका भगवती प्रसाद यादवको आरोप छ।

दाइजोकै बिषयमा निरन्तर विवाद हुँदै आएको र सोही विवादकै कारण दीपाको उनका पति र ससुराले कुटपिट गरी हत्या गरेको माइती पक्षको दावी छ।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014